जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९
स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष २९ | अंक १५१ | २०७६ साल पुस २८ गते सोमबार (13 Jan. 2020 Monday) | मूल्य रु. ५/-

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- कुनै अभियोगमा कसूरदार ठहर भए पछी मात्र सजाय निर्धारण हुने,
- बालबालिकालाई सजाय निर्धारण गर्दा बालबालिकाको सर्वोत्तम हित समेतलाई विचार गर्नु पर्ने,
- जरिबाना लागेको व्यक्तिले किस्ताबन्दीमा जरिबाना तिर्न सकिने,
- पीडितलाई पुगेको भौतिक, शारीरिक, मानसिक, भावनात्मक क्षतिवापत क्षतिपूर्ति भराई दिनु पर्ने,
- कैदको विकल्पको रुपमा सामुदायिक सेवा, सुधार गृह, पुनर्स्थापना केन्द्र, खुला कारागार, प्यारोल, कैद वापत श्रम सामाजिकीकरण लगायतका उपाय अवलम्बन गर्न सकिने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

Log on : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : कुर्था-जयनगर रेल ... ३ पृष्ठमा : लेबनानमा नयाँ प्रधानमन्त्री ... ३ पृष्ठमा : सूचना ...

## वेपत्ता भएको १६ दिनपछि कुखुरा व्यवसायी मृत भेटिए

**दैनिक समाचारदाता**
**राजबिराज, २७ पुस ।**

सप्तरी जिल्लाको राजगढ गाउँपालिका ३ निवासी ४५ वर्षिय कुखुरा व्यवसायी सूर्यनारायण मण्डलको शव वेपत्ता भएको १६ दिनपछि शनिबार भेटिएको छ ।

कुखुरा फार्ममै बस्दै आएका मण्डल पुस ११ गते ग्राहकबाट उधारो रकम उठाउन ताकेदामा हिडेका थिए तर, धेरै दिन वित्तिसक्दा पनि उनी नफर्केपछि आफन्तले प्रहरीमा जानकारी गराएका थिए ।

आफन्तबाट प्रहरीमा परेको हुलिया विवरण सहितको उजुरीको आधारमा उनको खोज तलास कार्य भईरहेकै बेला शनिबार साँझ मृत शरीर उनले संचालन गर्दै आएको कुखुरा फर्म भन्दा २ सय मिटरको दुरीमा रहेको रतनसागर पोखरी किनारमा फेला परेको डिएपी तिलक भारतीले जानकारी दिएका छन् ।

मृतकको शव आईतबार पोष्टमार्टमका लागी धरानस्थित विपी कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान पठाइएको छ । यता पोष्टमार्टम रिपोर्ट आएपछि सत्य, तथ्य, यथार्थ बाहिर आउने डिएसपी भारतीले जानकारी दिए ।

यता स्थानियका अनुसार घरायसी विवादका लागी मण्डलकी पत्नी विगत १५ वर्ष देखि माइतमै बस्दै आएकी छिन् । मण्डल भने कुखुरा फर्ममै बस्दै आएका थिए । मृतक मण्डलका भाइ शिव नारायणले दाजु सूर्य नारायणको मृत्यु बारे सुक्ष्म अनुसन्धान हुनुपर्ने माग समेत गरेका छन् ।

## वडा अध्यक्षको घरबाटै मोटरसाईकल चोरी

**दैनिक समाचारदाता**
**राजबिराज, २७ पुस ।**

सप्तरीको तिलाठी कोईलाडी गाउपालिका वडा २ को वडा कार्यालयको मोटरसाईकल सोही वडाको घरबाटै चोरी भएको छ ।

सो गाउँपालिका वडा नं. २ लौनियाँस्थित वडा अध्यक्ष खगेन्द्र मण्डलको घरवाट उक्त मोटरसाईकल चोरी भएको हो ।

अध्यक्ष मण्डलले चलाउदै आएको स.१ब. १३९२ नम्बर मोटरसाईकल गत शनिबार राती ११ बजे तिर घर अगाडिबाट चोरी भएको तिलाठी कोईलाडी गाउपालिका अध्यक्ष सतिश कुमार सिंहले जानकारी दिएका छन् ।

गाउघरको पंचायती गरेर घर अगाडी मोटरसाईकल राखेर खाना खान भित्र गएको बेला मोटरसाइकल चोरी भएको वडा अध्यक्ष मण्डलले बताए ।

यता मोटरसाईकल चोरी भएको सम्बन्धमा छानविन भईरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

## प्रदेश नं. ३ को राजधानी हेटौँडा

हेटौँडा, २७ पुस (रासस) ।

आइतबार बिहान बसेको ३ नं प्रदेशको प्रदेशसभाको बैठकमा मुख्यमन्त्री डोरमणि पौडेलले ३ नं प्रदेशको स्थायी राजधानी हेटौँडालाई गर्नुभएको प्रस्ताव दुईतिहाइभन्दा पनि बढी मतबाट स्वीकृत भएको छ । सो प्रस्तावमा मतदान हुँदा उपस्थित १०८ प्रदेशसभा सदस्यमध्ये १०५ जनाले प्रस्तावको पक्षमा मतदान गर्नुभएको थियो ।

यसैगरी आइतबारै सो बैठकमा साझा विवेकशील पार्टीका नेता रमेश पौडेलले काभ्रेको धुलिखेललाई

बाँकी दुई पृष्ठमा

## साह सेवा सदनमा दुर्गा साहको प्यानल बिजयी

**दैनिक समाचारदाता**
**राजबिराज, २७ पुस ।**

साह सेवा सदन राजविराजको अध्यक्षमा दुर्गा प्रसाद साहको प्यानल बिजयी भएको छ ।



दुर्गा प्रसाद साह

शनिबार सम्पन्न निर्वाचनको मतगणना पश्चात् आईतबार विहान घोषित परिणाम अनुसार अध्यक्ष पदमा दुर्गा प्रसाद साहले प्रतिस्पर्धी योगानन्द साहलाई ६ मतले पराजित गरेका हुन् ।

अध्यक्ष पदमा निर्वाचित साहले १ सय ८० मत प्राप्त गरको छन भने उनका निकटतम प्रतिद्वन्दी योगानन्दले १ सय ७४ मत प्राप्त गरेका छन् । दुर्गा प्रसाद साहकै प्यानलबाटै उपाध्यक्ष, सचिव र ५ सदस्य निर्वाचित भएका छन् ।

कोषाध्यक्ष पदमा भने योगानन्द प्यानलका उम्मेदवार कामेश्वर साह बिजयी भएका छन् । निर्वाचित ९ सदस्ययी कार्यसमितिको कार्यकाल ४ वर्ष रहेको निर्वाचन समितिले जनाएको छ ।

कुल ५ सय १४ मतदाता रहेको सदनको निर्वाचनमा ३ सय ८४ मत खसेको थियो । जसमध्ये ५ मत बदर भएको निर्वाचन समितिका संयोजक डोमन साहले जानकारी दिए ।





## राष्ट्रिय एकता दिवस मनाइयो



**दैनिक समाचारदाता**
**राजबिराज, २७ पुस ।**


२९८ औं पृथ्वी जयन्ती एवं राष्ट्रिय एकता दिवस आईतबार राजविराजमा एक कार्यक्रमको आयोजना गरी मनाइएको छ ।

राष्ट्रिय प्रजातन्त्र पार्टी सप्तरीले आयोजना गरेको कार्यक्रममा वक्ताहरुले पृथ्वी नारायाण शाहले राष्ट्रका लागी गरेको योगदान बारे चर्चा गरेका थिए ।

कार्यक्रमका प्रमुख अतिथि एवं राष्ट्रिय प्रजातन्त्र पार्टीका केन्द्रिय सदस्य सुभासचन्द्र झाले विगतमा राष्ट्रिय एकताका प्रतिक पृथ्वी नरायण शाहको जन्मजयन्ती मनाउँदा दिईने गरिएको विदा कटौती गरिनु दुर्गाग्य पुर्ण भएको बताए । उनले यसलाई सच्याई आजका दिन सार्वजनिक विदा दिनुपर्ने सरकारसँग माग समेत गरे ।

राष्ट्रिय प्रजातन्त्र पार्टीका जिल्ला अध्यक्ष बिनोद पाण्डेको अध्यक्षतामा आयोजित कार्यक्रममा केन्द्रिय सदस्य

बाँकी दुई पृष्ठमा





देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु →

ipay remit | WESTERN UNION MONEY TRANSFER | PRABHU Money Transfer | IME International Money Express | himal remit हिमालरेमिट | CG Money | Best Remit Quick & Easy | City Express Money Transfer | IME pay wallet | MoneyGram money transfer

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

## सम्पादकीय ....

# स्वास्थ्य क्षेत्रमा फड्को मार्दै सप्तरी

सप्तरीमा रहेको एक मात्र सरकारी अस्पतालको सेवा सुविधामा सुधार आउन थालेपछि अहिले विभिन्न जटिल रोगको पहिचान गर्ने डाईग्नोस्टि सेन्टर समेत खुलेको छ । राजविराजमा पहिलो पटक अत्याधुनिक प्रविधिसहित पूर्ण स्वचालित मेसिन र उपकरणबाट एकै थलोमा क्यान्सर र अन्य सबै प्रकारका रोग पत्ता लगाउने परिक्षण सुरु भएपछि यहाका जनतले क्यान्सर, अन्य जटिल तथा सामान्य रोग पत्ता लगाउन समेत अब अन्यत्र जानु नपर्ने अवस्था आएको छ ।

यसरी स्वास्थ्य क्षेत्रमा सुधार आउनुले स्वास्थ्यसँग सम्बद्ध सबै सेवाहरु सप्तरीमा उपलब्ध हुन थालेको छ । विगतमा यहाँका जनतालाई सानो भन्दा सानो रोग लागे पनि बिराटनगर र धरान गइहाल्ने बाध्यात्मक परिस्थितिको अन्त्य समेत भएको छ । अहिले यहाँ गुणस्तरिय प्रविधिको अल्ट्रासाउण्ड, एक्सरे लगायत अन्य स्वास्थ्यसँग आवद्ध सेवाहरु उपलब्ध रहेको छ । यस्ता सेवाहरु सप्तरीमा उपलब्ध भएपछि सप्तरीका मात्र नभएर सिरहा, उदयपुरका जनताहरु समेतले ती सेवाहरु पाउने भएका छन् । यस्तै क्यान्सरका सम्पूर्ण जाँचका साथै ग्ल्यान्डटिवि थाईराईड, ईएसआर, युरिनआरई, सेमेनएनालाईसिस, एलर्जि स्किन, एचविएआईसि फरडाईवेटर, मोनिटरिङ लगायत सबै प्रकारका रोगको परिक्षण समेत अहिले राजविराजमै सम्भव भएको छ ।

यस्ता उच्च प्रविधिका स्वास्थ्य सेवाहरु सप्तरीका जनताहरुले कहिले पाउन सकेका थिएन् । यस्ता सेवाका कारण जिल्लाको विकासमा समेत टेवा पुग्ने विश्वास लिन सकिन्छ । तसर्थ स्वास्थ्य सम्बन्धी सेन्टरहरु खुल्ने कार्यप्रति सम्पूर्ण जिल्लावासीले सहयोग गर्नुपर्ने आवश्यकता समेत रहेको छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
कन्सलटेन्ट एनास्थेसियोलोजिष्ट आइसियु स्पेस्लिष्ट र पेन फिजिसिएन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# कुर्था-जयनगर रेल सञ्चालनको तयारी

काठमाडौँ, २७ पुस (रासस) ।

धनुषाको कुर्थादेखि भारतको जयनगरसम्मको सञ्चालनको तयारी अघि बढेको छ । सो रेलमार्गमा सञ्चालनका लागि खरीद गरिएको रेल आगामी महिनासम्ममा आइपुग्ने भएको छ । रेलमार्ग केही समय पहिले नै निर्माण सम्पन्न भइसकेको र सेट आइपुगेपछि रेल सञ्चालन हुने रेल विभागले जनाएको छ ।

सरकारले भारतीय सरकारी कम्पनी कोनकान कम्पनीमार्फत रेल सेट खरीद प्रक्रिया अघि बढाएको छ । सो रेल सेट आइपुगेको एक महिनापछि सञ्चालन गर्न सकिने विभागका महानिर्देशक बलराम मिश्रले बताउनुभयो । दुईवटा सेट खरीद गर्न लागिएकोमा पहिलो सेट आइपुगेको केही समयपछि अर्को आइपुग्ने उहाँको भनाइ छ । उहाँले भन्नुभयो, "सेट आइपछि नै सञ्चालनको तयारी हुनेछ ।"

रेलमार्ग निर्माण सम्पन्न भए पनि गतवर्ष वर्षाको समयमा आएको बाढीले कमला नदीको तटबन्ध भत्काउँदा झण्डै एक सय मिटर रेलमार्ग बगाएको थियो । भारतीय कम्पनीले निर्माण सम्पन्न गरेर सरकारलाई हस्तान्तरण गरिनसकेकाले क्षति पुगेको स्थानमा समेत सोही ठेकेदार कम्पनीले काम गर्ने विभागका प्रवक्ता तथा वरिष्ठ डिभिजनल इञ्जिनीयर अमन चित्रकारले बताउनुभयो ।

भारत सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा रेलमार्गको निर्माण भइरहेको हो । सरकारले गतवर्ष भारत सरकारसँग दुई वटा रेल सेट खरीद प्रक्रिया अघि बढाएको थियो । दुई सरकारका बीच (जि टु जि) रेल खरीद भएको प्रवक्ता चित्रकारले बताउनुभयो । डिजेल इलेक्ट्रीक मल्टिपल युनिट प्रविधिको सो सेटमा एउटामा पाँच वटा डिब्बा रहने विभागका प्रवक्ता चित्रकारले बताउनुभयो ।

उहाँका अनुसार सरकारले अहिले दुई वटा सेट खरीद गर्दा त्यसमा जम्मा १० डिब्बा रहन्छन् । यी दुई सेटको क्षमता एक हजार दुई सयसम्म यात्रु बोक्ने रहेको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "रेल सेटको निर्माण भइरहेकाले अहिले हामीले आँकलन गरेकोभन्दा एक दुई सयसम्म तलमाथि हुनसक्छ ।"

भारतको जयनगरबाट धनुषाको कुर्थासम्म ३५ किलोमिटर लम्बाइको यो रेलमार्गका अरु भौतिक पूर्वाधार निर्माण भइसकेको प्रवक्ता चित्रकारले बताउनुभयो । रेल लाइन तथा रेल्वे स्टेशन तयार भइसकेको उहाँले बताउनुभयो । यसमा कुर्थाबाट बिजलपुरा खण्ड १७ किलोमिटरसमेत गरेर ५२ किलोमिटर आगामी फागुनसम्म सम्पन्न हुने र त्यसपछि रेल त्यहाँसम्म विस्तार हुनेछ ।

कम्पनीमा दक्ष प्राविधिकसहित झण्डै दुई सयजना कर्मचारीको प्रस्ताव गरिएको विभागले जनाएको छ । नेपालमा हाल रहेको रेल्वे कम्पनी नाम मात्रैको कम्पनी भएकाले त्यसलाई सञ्चालनमा ल्याउन कम्पनीमा रेलसम्बन्धी ज्ञान र क्षमता भएका जनशक्ति आवश्यक भएकाले प्रस्ताव गरिएको हो । हाल रेल सञ्चालनका लागि कम्पनीलाई बलियो बनाउने काम भइरहेको हो ।

रेल सञ्चालनका लागि कम्पनीमा सबै गरेर दुई सयभन्दा बढी जनशक्ति आवश्यकपर्ने विभागले बताउँदै आएको छ । एक जना प्रमुख, सञ्चालन, मर्मतलगायतका कामका लागि इञ्जिनीयरिङ क्षेत्रका जनशक्ति, प्रशासन, लेखालगायतका कर्मचारी आवश्यक भएको भन्दै विभागले प्रस्ताव गरेको हो ।

रेलसम्बन्धी कानून नभइरहेको अवस्थामा सरकारले रेल्वेसम्बन्धी विधेयक अघि बढाएको छ । बिहीबार विधेयक राष्ट्रियसभामा दर्ता भएको छ । विधेयकले रेल्वे बोर्ड र कार्यकारी समितिको समेत कल्पना गरेको छ । रेल र यात्रुको सुरक्षा, चालक र सहचालकको योग्यता, अन्तरदेशीय रेलमार्गलगायतका विषय विधेयकमा समेटिएको छ । नेपालमा अहिलेसम्म रेलसम्बन्धी छुट्टै कानूनी व्यवस्था छैन ।

पहिले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ अन्तर्गत नै सञ्चालन भएको थियो । देशभित्रै र अन्तरदेशीय रेल सञ्चालनका लागि कतिपयमा पूर्वाधार निर्माण त कतिमा अध्ययन भइरहे पनि त्यससम्बन्धी छुट्टै कानुन छैन ।

जनकपुर└ -कुर्था रेलमार्ग निर्माणका लागि सरकारले भारत सरकारसँग सन् २०१० मा सम्झौता गरेको थियो । त्यसको एकडेढ वर्ष पछिबाट काम शुरु भएको थियो । भारत सरकारको आर्थिक र प्राविधिक सहयोगमा सीमा क्षेत्रमा पाँच स्थानमा रेलमार्ग निर्माण हुन लागेको चित्रकारले जानकारी दिनुभयो । तीमध्ये जयनगर-कुर्था र विराटनगर-जोगबनी बाहेक अरु तीन स्थानमा निर्माणको काम शुरु हुनसकेको छैन ।

भारत सरकारसँगको सम्झौतानुसार नै विराटनगरबाट बथनाहासम्म १८ किलोमिटर रेलमार्गमा १० किलोमिटरको काम सम्पन्न भएको भौतिक योजना तथा यातायात मन्त्रालयले जनाएको छ । दश किलोमिटर रेलमार्ग सञ्चालनका लागि तयार भइसकेको छ ।

सीमा क्षेत्रमा निर्माण गर्ने भनिएको अरु तीन रेलमार्गमा जलपाइगुडी-काँकडभिट्टा, नौतनहवा-भैरहवा र नेपालगञ्जरोड-नेपालगञ्ज रहेका छन् । यी सबै रेलमार्ग भारत सरकारले नै निर्माण गर्ने गरी सम्झौता भएको थियो ।

### प्रदेश नं. ३ को ...

राजधानी बनाइयोस् भनी प्रस्तुत गर्नुभएको प्रस्तावलाई बैठकले अस्वीकृत गऱ्यो । सो प्रस्तावमा मतदान हुँदा उपस्थित १०४ सदस्यमध्ये १०१ सदस्यले विपक्षमा मतदान गर्नुभयो भने पक्षमा जम्मा तीन मतमात्र परेको सभामुख सानुकुमार श्रेष्ठले जनाउनुभयो ।

### राष्ट्रिय एकता ...

ललिता मण्डल, क्षेत्रिय सभापति परमेश्वर साह, तेज नारायण साह, जागेश्वर यादव, भिमदलगणका प्रमुख सेनानी गुप्त बहादुर कुँवर लगायतले समेत पृथ्वी नारायण शाहका दिव्य उपदेशहरु आधुनिक नेपाल निर्माणको प्रकृयामा आज पनि उतिकै महत्वपूर्ण रहेको बताए । आयोजित कार्यक्रम बद्री नारायण झाले संचालन गरेका थिए ।

माईग्रेशन हराएको सूचना
जिल्ला सप्तरी गा.वि.स.चकवा वस्ने आशा कुमारी रसैलीको रजिष्ट्रशन नं. ५४१५०५०६२ भएको माईग्रेशन सर्टिफिकेट हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी चौकीमा सम्पर्क गर्नुहोला ।
नाम :आशा कुमारी रसैली
ठेगाना: जि.सप्तरी गाविस चकवा
माईग्रेशन नं.: ५४१५०५०६२

## विश्व समाचार

# लेबनानमा नयाँ प्रधानमन्त्री विरुद्ध हजारौँको प्रदर्शन

बेरुत, २७ पुस (रासस/सिन्ह्वा) ।

लेबनानका नयाँ प्रधानमन्त्री हसन दियबविरुद्ध शनिबार हजारौँले सडकमा प्रदर्शन गरेका छन् ।राजधानी बेरुतमा रहेको प्रधानमन्त्री दियबकै घरनजिकै पुगेर प्रदर्शनकारीले प्रदर्शन गरेको जनाइएको छ ।

प्रधानमन्त्रीमा दियब नियुक्त भएकोमा उनीहरुले असहमति जनाएका छन् । भ्रष्ट राजनीतिक पार्टीको सहयोगमा उहाँ प्रधानमन्त्री भएकाले उहाँलाई अस्विकार गरिएको उनीहरुको भनाइ छ । अहिलेको सरकारले पनि देशको आर्थिक चुनौतीलाई सामना गर्न नसक्ने भएकाले विरोध गर्नु परेको आन्दोलनकारीले बताएका छन् ।

आन्दोलनकारीको मागलाई सरकारले बेवास्ता गरिरहेको एक आन्दोलनकारीको आरोप थियो । प्रदर्शनकारीले देशव्यापी आन्दोलनको तयारी भइरहेको जानकारी दिएका छन् । उनीहरुले स्वतन्त्र व्यक्तिको सहभागीता सहिन सरकारको पुनःगठन गर्न माग गरेका छन् ।

देशलाई आर्थिक सङ्कटबाट बाहिर निकाल्न उनीहरु सक्षम रहने आन्दोलनकारीको दाबी रहेको छ । नयाँ प्रधानमन्त्री दियब भने सरकार पुनःगठनका लागि असफल हुँदै आउनुभएको छ । उहाँलाई सघाएका विभिन्न दलको दवावका कारण उहाँले सरकार पुनःगठन गर्न नसक्नु भएको हो ।

लेबनान अहिले आर्थिक कारणले खतरापूर्ण अवस्थामा रहेको छ । असफल राजनीतिक नेताका कारण मुलुक यो अवस्थामा पुगेको आन्दोलनकारीको भनाइ छ ।

# आँधीका कारण अमेरिकामा एघारको मृत्यु, बाह्र सय उडान रद्द

होस्टन, २७ पुस (रासस/सिन्ह्वा) ।

अमेरिकाको दक्षिणी क्षेत्रमा आएको शाक्तिशाली आँधीका कारण कम्तीमा ११ जनाको मृत्यु भएको छ ।

आँधीसँगै कडा हावाहुरी र बाढी पनि आएकाले मानवीय क्षति भएको अधिकारीले जानकारी दिएका छन् । घटनामा परी मृत्यु भएकामध्ये एक जना प्रहरी र एक जना उद्धारकर्तासमेत रहेका जनाइएको छ । टेक्सासको लुब्बुकमा शनिबार बिहान उनीहरुको मृत्यु भएको हो ।

त्यसैगरी ओक्लाहोमामा पनि बाढी र बर्षासँगै आँधी आएको थियो । त्यस क्षेत्रमा खटिएको गस्ती टोलीले शनिबार दिएको जानकारीअनुसार आँधीका कारण सवारी साधन बाटोमै रोकिएका थिए । वृद्धवृद्धाको एउटा जोडी शनिबार लुइसियानानजिकै शनिबार मृत अवस्थामा भेटिएका छन् भने अर्का एक जनाको इओवामा मृत्यु भएको छ ।

आँधीपछि टेक्सासदेखि ओहियोसम्मका हजारौ घरमा विद्युत सेवा अवरुद्ध भएकाले लाखौं मानिस विद्युत् सेवा विहिन अवस्थामा रहेका छन् । त्यसैगरी कतिपय राजमार्ग बन्द भएका छन् । विषेशगरेर ओक्लाहोमा र अर्कान्सासमा बाढी आएकाले बाटो बन्द भएका हुन् ।

त्यसैगरी सिकागोका दुई अन्तरराष्ट्रिय विमानस्थलबाट उड्ने एक हजार २०० भन्दाबढी उडान सेवा स्थगित भएको अधिकारीले जनाएका छन् । विमानस्थलका अधिकारीका अनुसार ओहारे अन्तरराष्ट्रिय विमानस्थलबाट मात्रै ९५० भन्दाबढी उडान स्थगित भएका हुन् । शनिबार बिहानैदेखि आइतबार दिउसोसम्मका सेवा बन्द गरिएको उनीहरुले जानकारी दिएका छन् । शनिबार रातभरी र बिहानसम्म पनि बर्षा भएको उनीहरुले बताएका छन् ।

# टर्कीमा एघार अवैध आप्रवासीको मृत्यु

इस्तानबुल, २७ पुस (रासस/सिन्ह्वा) ।

टर्कीमा भएको डुङ्गा दुर्घटनामा परी कम्तीमा ११ अवैध आप्रवासीको मृत्यु भएको छ ।

मृत्यु भएका मध्ये आठ जना बालबालिका रहेका अधिकारीले जानकारी दिएका छन् । देशको पश्चिमी बन्दरगाहमा डुङ्गा दुर्घटना भएको स्थानीय सञ्चारमाध्यमले जनाएका छन् ।

पश्चिमी इज्मीर प्रान्तको सेस्मी जिल्लामा पर्ने एजियन समुद्रको बन्दरगाहमा यात्रु लिएर आएको डुङ्गा दुर्घटना भएको हो ।

सामुद्रिक सेनाले दुर्घटनामा परेका अरु आठ जनालाई समुद्रबाट जीवितै उद्धार गरेका छन् । दुर्घटनामा परेको डुङ्गामा कुल १९ आप्रवासी यात्रु रहेको जनाइएको छ ।

दुर्घटनामा परेका अवैध आप्रवासी कुन देशका नागरिक हुन भन्ने बारेमा भने अहिलेसम्म केही नखुलेको समाचारमा जनाइएको छ ।

# तिरहुत गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## गोइठी, सप्तरी
## प्रदेश नं.२, नेपाल

*मिति : २०७६/९/२८*

आ.ब. २०७६/७७ मा यस तिरहुत गाउँपालिकाको गाउँ सभाबाट पारित गाउँपालिका तथा वडा स्तरिय विकास योजनाका कार्यक्रमहरु उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने भएकोले तपशिलमा उल्लेखित कार्यक्रम अनुसार सो योजना कार्यान्वयन हुने क्षेत्रको लाभग्राही बुद्धिजिवि, उपलब्ध प्रस्थित व्यक्तिगतहरुलाई सो स्थान र समयमा उपस्थित भई उपभोक्ता समिति तथा अनुगमन समिति गठनमा सहयोग गरिदिनु हुन अनुरोध छ ।

*तपसिल*

### तिरहुत गाउँपालिका वडा नं. ०१ (८०२१५५०३२०१): वडा स्तरी योजना

| खर्च शिर्षक नं. | खर्च शिर्षकको नाम | विनियोजित रकम | उपभोक्ता समिति गठन हुने मिति | स्थान | समय |
|---|---|---|---|---|---|
| १ | मूल सडकदेखी पश्चिम राम टोलसम्म माटो र ग्राभेल गर्ने कार्य | २०००००।०० | २०७६/१०/७ | राम टोल | ११:०० बजे |
| २ | दिलिप गोइत घरदेखी मुल सडकसम्म माटो र ग्राभेल गर्ने कार्य | २०००००।०० | २०७६/१०/७ | दिलिप गोइत घर अगाडी | ११:४५ बजे |

### तिरहुत गाउँपालिका वडा नं. ०१ (८०२१५५०३१०१): गा.पा.स्तरीय योजना

| | | | | | |
|---|---|---|---|---|---|
| १ | वडा नं. ०१ मा मूल सडकदेखि अशेश्वर बडियौत घरसम्म र बिराजी घरदेखी बुधेश्वर खंग घरसम्म सडकमा माटो ग्राभेल तथा ह्युमपाइप कल्भर्ट निर्माण गर्ने कार्य | ६०००००।०० | २०७६/१०/७ | बुधेश्वर घरमा | १२:३० बजे |
| २ | वडा नं. ०१ मा मुल सडक गोहिवार घरदेखि घोघर घरसम्म अधुरो सडकमा माटो ग्राभेल ह्युमपाईप कल्भर्ट निर्माण गर्ने कार्य | १००००००।०० | २०७६/१०/७ | गोहिवारको घरमा | २:०० बजे |

### तिरहुत गाउँपालिका वडा नं. ०२ (८०२१५५०३२०२): वडा स्तरीय योजना

| खर्च शिर्षक नं. | खर्च शिर्षकको नाम | विनियोजित रकम | उपभोक्ता समिति गठन हुने मिति | स्थान | समय |
|---|---|---|---|---|---|
| १ | अधुरो हनुमान मन्दिर निर्माण गर्ने कार्य | ७०००००।०० | २०७६/१०/८ | दुर्गा मन्दिर निर पोखरीको डिलमा | १०:३० बजे |
| २ | साविक वडा नं. ०३ को मस्जिदको ढलान र वाल निर्माण गर्ने कार्य | ३०००००।०० | २०७६/१०/८ | मस्जिदमा | ११:०० बजे |
| ३ | हटियाको हनुमान र महादेव मन्दिरमा रंगरोहन गर्ने कार्य | ५०००००।०० | २०७६/१०/८ | वडा कार्यालयको प्रांगनमा | ११:३० बजे |

### तिरहुत गाउँपालिका वडा नं. ०२ (८०२१५५०३१०१): गा.पा. स्तरीय योजना

| | | | | | |
|---|---|---|---|---|---|
| १ | वडा नं. ०२ मा बडहरा विद्यालयमा माटो पुर्ने काम | २५००००।०० | २०७६/१०/८ | विद्यालय भवन | १२:२० बजे |
| २ | वडा नं. ०२ मा मयनाकडेरी मूल सडक मर्मत संभार गर्ने कार्य | १५०००००।०० | २०७६/१०/८ | वडा कार्यालयको प्रांगन | २:०० बजे |

### तिरहुत गाउँपालिका वडा नं. ०३ (८०२१५५०३२०३): वडा स्तरीय योजना

| खर्च शिर्षक नं. | खर्च शिर्षकको नाम | विनियोजित रकम | उपभोक्ता समिति गठन हुने मिति | स्थान | समय |
|---|---|---|---|---|---|
| १ | साविक वडा नं.०५ सुरेश घरदेखी पूर्व जाने बिजय घरसम्म सडकमा माटो तथा ग्राभेल गर्ने कार्य | ३०००००।०० | २०७६/१०/९ | छुतहरु साफीको घर अगाडी | १०:४० बजे |
| २ | साविक वडा नं. ०५ हनुमान मन्दिरदेखी पूर्व पलट घरसम्म सडकमा माटो तथा ग्राभेल गर्ने कार्य | ३०००००।०० | २०७६/१०/९ | पलट महतोको पसल अगाडि | ११:३० बजे |

### तिरहुत गाउँपालिका वडा नं. ०३ (८०२१५५०३१०१): गा.पा. स्तरीय योजना

| | | | | | |
|---|---|---|---|---|---|
| १ | वडा नं. ०३ मा मिनवार पोखरीदेखी मूल सडकसम्मको सडकमा माटो ग्राभेल तथा ह्युमपाइप जडान गर्ने कार्य | ६०००००।०० | २०७६/१०/९ | भिन्वार पोखरीको डिलमा | १२:३० बजे |
| २ | वडा नं.०३ मा भोला बाबा अधुरो मन्दिर निर्माण गर्ने कार्य | ३०००००।०० | २०७६/१०/९ | भोला बाबाको मन्दिर नजिक साविक ९ | २:२० बजे |

### तिरहुत गाउँपालिका वडा नं. ०४ (८०२१५५०३२०४): वडा स्तरीय योजना

| खर्च शिर्षक नं. | खर्च शिर्षकको नाम | विनियोजित रकम | उपभोक्ता समिति गठन हुने मिति | स्थान | समय |
|---|---|---|---|---|---|
| १ | तोला राम यादव र गंगा राम यादव घरदेखी बिरेन्द्र यादवको खेतसम्म माटो ग्राभेल गर्ने कार्य | १३०००००।०० | २०७६/१०/१० | वडा कार्यालयमा | ८:०० बजे |
| २ | रामकुमार मेहताको चकिमा अधुरो बजरंगवली मन्दिर निर्माण गर्ने कार्य | ३०००००।०० | २०७६/१०/१० | रामकुमारको पसलमा | १०:०० बजे |

### तिरहुत गाउँपालिका वडा नं. ०४ (८०२१५५०३१०१): गा.पा. स्तरीय योजना

| | | | | | |
|---|---|---|---|---|---|
| १ | वडा नं. ०४ मा मुल सडकदेखी तेजनारायण यादवको घरसम्मको सडकमा माटो ग्रोभल गर्ने कार्य | ३०००००।०० | २०७६/१०/१० | राजारामको मिल नजिक | ११:०० बजे |
| २ | वडा नं ०४ मा सुलेचन मलाहको घरदेखी पूर्व मियाँ टोल हुँदै बैथराम यादवको घर सम्मको सडकमा माटो ग्राभेल तथा ह्युमपाइप जडान गर्ने कार्य | १७०००००।०० | २०७६/१०/१० | हरिनारायण यादवको पोखरीमा | १:०० बजे |


### तिरहुत गाउँपालिका वडा नं. ०५ (८०२१५५०३२०५): वडा स्तरीय योजना

| खर्च शिर्षक नं. | खर्च शिर्षकको नाम | विनियोजित रकम | उपभोक्ता समिति गठन हुने मिति | स्थान | समय |
|---|---|---|---|---|---|
| १ | मेन सडकदेखी तैयबको घर हुँदै रनसम्म माटो तथा ग्राभेल गर्ने कार्य | १००००००।०० | २०७६/१०/११ | वडा कार्यालयमा | १०:०० बजे |
| २ | गाविस भवनदेखी ठकुरी पोखरीसम्म माटो तथा ग्राभेल गर्ने कार्य | १००००००।०० | २०७६/१०/११ | वडा कार्यालयमा | ११:३० बजे |

### तिरहुत गाउँपालिका वडा नं. ०५ (८०२१५५०३१०१): गा.पा. स्तरीय योजना

| | | | | | |
|---|---|---|---|---|---|
| १ | वडा नं. ०५ मा अधुरो ससिया महाराज मन्दिर निर्माण गर्ने कार्य | ८०००००।०० | २०७६/१०/११ | वडा कार्यालय | १२:३० बजे |
| २ | वडा नं. ०५ मा अधुरो आर सिसि स्ल्याप कल्भर्ट निर्माण गर्ने कार्य | १००००००।०० | २०७६/१०/११ | साविक वडा नं. १ पिपल रुख निर | २:०० बजे |

# अन्तर बिद्यालय क्रिकेट प्रतियोगितामा प्रिमियर बिजयी




**दैनिक समाचारदाता**
**राजबिराज, २७ पुस ।**

राजविराजमा संचालित अन्तर विद्यालय क्रिकेट प्रतियोगिता अन्तरगत आइतबार सम्पन्न खेलमा प्रिमियर सेकेण्ड्री स्कुल बिजयी भएको छ ।

सप्तरी क्रिकेट संघसंगको सहकार्यमा ग्रिन नेपाल राजबिराजको आयोजनामा राजबिराज स्थित राजरंगशालामा संचालित सो प्रतियोगितामा प्रिमियर सेकेण्ड्री स्कुलले रोज पब्लिक सेकेण्ड्री स्कुललाई २२ रनले पराजित गरेको हो ।

प्रिमियरले टसजिती पहिलो ब्याटिंग गर्ने निर्णय गर्दै निर्धारित २० ओभरको खेलमा ६ बिकेट गुमाई १ सय ७१ रनको योगफल तयार पारेको थियो । प्रिमियरका लागि युवराज यादवले नटआउट रहि २१ बलमा ५ चौक्काको मद्दतले ३५ रन तथा मो सदाम ३४ र प्रदिप यादवले २४ रनको योगदान दिएका थिए ।

बलिंगतर्फ रोज पब्लिकका तर्फबाट मनिश साह र नन्दकिशोर मण्डलले सामान २ बिकेट तथा राहुल यादव र बिशाल साहले १/१ बिकेट लिएका थिए ।

प्रतिउत्तरमा १ सय ७२ रनको बिशाल लक्ष्य लिई मैदानमा ओर्लेको रोज पब्लिकले निर्धारित २० ओभरमा ७ बिकेट गुमाई १ सय ४९ रन मात्र जोडन सकेको थियो । रोज पब्लिकका लागि कृष्णा चौधरीले नटआउट रहि ३५ रन तथा सत्यम झा र रोशन यादवले क्रमशः ३१ र ३३ रनको योगदान दिएका थिए । प्रिमियरका लागि जय बर्माले ३ तथा मो. सदाम, मो. असलम र रोहित गुप्ताले १/१ बिकेट लिएक थिए ।

खेलको म्यान अफ द म्याच प्रिमियर सेकेण्ड्रीका मो. सद्दामलाई क्रिकेटर महवुव आलमद्वारा नगद तथा ट्रफि प्रदान गरेका थिए ।

# आफैलाई गोली हान्दा प्रहरी हबल्दारको मृत्यु

जाजरकोट, २७ पुस (रासस) ।

नलगाड नगरपालिका वडा नं ७ स्थित इलाका प्रहरी कार्यालय डल्लीमा कार्यरत प्रहरी हबल्दार भोजबहादुर कठायतको मृत्यु भएको छ ।

बाजुरा जिल्ला घर भई चार महिनादेखि सो कार्यालयमा कार्यरत ३५ वर्षीय कठायतले आफैँलाई कन्चटमा गोली हान्दा आइतबार बिहान मृत्यु भएको प्रमुख जिल्ला अधिकारी जनकराज पन्तले जानकारी दिनुभयो ।

उहाँले घटनाका बारेमा छानविन गर्न टोली परिचालन भएको बताउनुभयो ।

प्रहरी हबल्दार कठायतले के कारणले आफूलाई आफैँलाई गोली हान्ने भन्ने थाहा हुन सकेको छैन । मृत्युको कारण पत्ता लगाउन जिल्ला प्रहरी कार्यालयबाट एक टोली घटनास्थल पठाइएको प्रअिज पन्तले बताउनुभयो ।


## सूचना सूचना सूचना

यस आईडियल सहकारी संस्था लि. राजबिराजले आफ्ना शेयर सदस्य, खाताधारीहरुलाई दुर्घटना विमा निशुल्क गर्ने गइरहेकोले यथासिघ्र नजिक को सेवा केन्द्र वा मुख्य कार्यालय राजबिराजमा सर्म्पक गर्न अनुरोध गरिन्छ ।

**आईडियल सहकारी संस्था लि.**
**मूख्य कार्यालय राजबिराज-०४**
फोन नं.०३१-५२१३९९

**सेवा केन्द्र हनुमाननगर**
फोन नं.०३१-५८०२७५

**सेवा केन्द्र पातो बाजार**
मो.नं.९८०१५६१९३०



## नेपाल-भारत सहयोग
INDIAN EMBASSY SUPPORT






## एम्बुलेन्स चाहिएमा सम्पर्क गर्नुहोस् ।

राष्ट्रिय सामुदायिक विकास केन्द्र, नेपाल
राजगढ-४, वेल्ही चपेना, सप्तरी
सम्पर्क नं: ९८२९७२९१५५, ९८२७७६०८१७


# हिमालय क्लब राजविराजको बिजयी शुरुवात



**दैनिक समाचारदाता**
**राजबिराज, २७ पुस ।**

सप्तरीको शम्भुनाथ नगरपालिकामा आइतबारदेखी संचालित मयेर कप २०७६ फुटवल प्रतियोगिताको उद्घाटन खेलमा हिमालय क्लब राजविराज बिजयी भएको छ ।

वडा नं. ८ पोखरीयास्थित खेलमैदानमा शुरु भएको प्रतियोगितामा शम्भुनाथ नगरपालिकालाई एकका बिरुद्ध तीन गोल अन्तरले पराजित गर्दै राजविराज बिजयी भएको हो ।

खेलको पहिलो हाफको २५ औं मिनेट, दोश्रो हाफको १० औं र १५ औं मिनेटमा राजविराजले गोल गर्दै राजविराज जित हासिल गरेको हो । खेलको २२ औं मिनेटमा शम्भुनाथ नगरपालिकाले सान्त्वना गोल फर्काएका थिए ।

सप्तरी, सिरहा, महोत्तरी, उदयपुर, सुनसरी र मोरंगका बिभिन्न १४ क्लबको सहभागिता रहेको सो प्रतियोगिताको फाइनल माघ १२ गते हुने आयोजकले जनाएको छ ।

प्रतियोगिताका बिजेताले नगद रु. ५५ हजार र कप हात पार्ने छ भने उपबिजेताले नगद रु. ४५ हजार पाउने आयोजकले जनाएको छ । प्रतियोगिताका उत्कृष्ट गोलकिपर, उत्कृष्ट खेलाडीलाई समेत पुरस्कृत गरिने जनाएको छ ।

यसअघि खेलकुद संचालक समितिका अध्यक्ष धनिलाल चौधरीको अध्यक्षतामा आयोजित प्रतियोगिताको एक कार्यक्रमका बीच शम्भुनाथ नगरपालिकाका प्रमुख योगेन्द्र प्रसाद चौधरी, उपप्रमुख कबिताकुमारी सरदार र प्रमुख प्रशासकीय अधिकृत मातृका दंगालले संयुक्त रुपमा उद्घाटन गरेका थिए ।

शम्भुनाथ नगरपालिकाको सहयोगमा सन्यासी युवा क्लब पोखरीयाको आयोजनामा शुरु भएको प्रतियोगिता अन्तर्गत सोमवारको खेल एपीएफ बर्दिबास र सलहेश फुटबल टिम भोटिया टोल लहान सिरहाबीच हुने खेलकुद संचालक समितिका सचिव श्रवणकुमार चौधरीले जानकारी दिएका छन् ।


## वार्षिक साधारण सभा सम्बन्धी सूचना


जुनतारा बचत तथा ऋण सहकारी संस्था लिमिटेडको तेश्रो वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा हुन गइरहेकोले संस्थाका सम्पूर्ण शेयर सदस्यलाई अनिवार्य रुपमा उपस्थितिका लागि यस सूचना मार्फत हार्दिक अनुरोध गरिन्छ ।

तपसिल
**मिति** : २०७६ पुस २९ गते मंगलबार
**समय** : दिउँसो १२:०० बजे
**स्थान** : नहर चौक, राजविराज ९, मलेठ, सप्तरी

**भिमराज यादव**
**अध्यक्ष**
**जुनतारा बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
राजविराज ९, नहर चौक, मलेठ, सप्तरी




## दुग्ध विकाश बोर्डको मापदण्ड अनुसार उत्पादित



## छिन्नमस्ता डेरी उद्योग

सिरहा रोड, राजविराज ७, खरसाल टोल
मोबाइल नं. : ९८०१५२८०१९, फोन नं. : ०३१-५२२३२७



हाम्रो सेवाहरु : जन्मदेखि मृत्युसम्म नभई नहुने अमृत घ्यू, क्रिम दुध, दही, पनिर, खुवा, प्रशोधित दुधहरु पाइन्छ ।




नोट :- विवाह, भोज, उत्सव लगायतको अवसरमा अर्डर बमोजिम दुध जन्य सामग्री उपलब्ध गराइने छ । २४ औं घण्टा काउण्टर खुला रहनेछ ।



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु →

ipay remit
CITY EXPRESS MONEY TRANSFER Money Transfer Made Easy
Best Remit Quick & Easy
PRABHU Money Transfer प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*